अध्यक्ष

# श्री पालु सामुदायिक वन उपभोक्ता समुह

## कपिलवस्तु न.पा.-८ कुरुवा,कपिलवस्तु

पत्र संख्या :-२०८०/०८१

च.नं.:-

मिती :-२०८१/०३/३१

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सुचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०३/३१

पालु सामुदायिक वन उपभोक्ता समुहको वन वाट आ.व.२०८०/०८१ मा उत्पादित सा.व. घाटगद्दीमा विभिन्न लटहरु मा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका वन पैदावारमा अधारित(काठ/दाउरा) संचालनमा रहेको उद्योगले मात्र यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्रमा वोलपत्र खरिद गरी २२ औ दिनको २:०० बजे सम्ममा प्रत्येक लटको छुट्टा छुटै सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

वन पैदवारको विवरण

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | परिमाण | न्यूनतम मुल्य प्रति इकाइ दर रु | न्यूनतम मुल्य रु | संकलन खर्च | धाङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८०/०८१ | साल | B | ३ | ७२.०४ | ७०० | ५०४२८ | प्रति क्यु.फिट रु १२९ | १,२,३,४,५ | |
| | | साल | C | ५ | १९.८६ | ५०० | ९९३० | | | |
| | | साल | D | १ | २.८२ | २५० | ७०५ | | | |
| | | जामुन | C | ५ | १७.९८ | १०० | १७९८ | | | |
| | | जिङ्गड | | ४८ | २६४.५५ | १०० | २६४५५ | | | |
| | | कुसुम | | २० | १२८.१४ | १०० | १२८१४ | | | |
| | | खयर | | १६७ | २६४.३९ | १००० | २६४३९० | | | |
| | | तेन्दु | | ८ | ६४.६६ | १०० | ६४६६ | | | |
| | | कर्मा | C | २ | ६.२२ | १०० | ६२२ | | | |
| | | जम्मा | | २५९ | ८४०.६६ | | ३७३६०८ | | | |
| | | साल दाउरा | | चट्टा | २ | १२००० | २४००० | प्रति चट्टा १४५०० | | |
| | | साल मिश्रित दाउरा | | चट्टा | ७ | ८००० | ५६००० | प्रति चट्टा १२५०० | | |
| | | अन्य दाउरा | | चट्टा | ३ | ४००० | १२००० | प्रति चट्टा १४५०० | | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/०४/२० (ख) समय :- कार्यालय समय भित्र । २१ औं दिन सार्वजनिक विदा परेमा २२ औं दिनको शिलवन्दि वोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा वोलपत्र खरिद गरि वोलपत्र दाखिला गर्न पर्नेछ ।

(३) वोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/०४/२१ (ख) समय :- दिनको ठीक २.०० बजे सम्म ।

(४) वोलपत्र फारम प्रति लटको रु १००० पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय कपिलवस्तु वाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ ।

(५) वोलपत्र साथ कवूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य वैंक.तौलिहवा शाखामा चल्ती खाता नं. ३११०१०००१६०४६००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनपर्ने छ ।

(६) लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस पालु सा.व.उ.स. को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(७) लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी ,डिभिजन वन कार्यालय मा सुचिकृत भएको पत्रको प्रतिलिपी,टाँचा नविकरण पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०४/२२ गते दिउँसो ११.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर लगायत अन्य कर समेत वुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(१०) वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(११) वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ ।

१२) अन्य कुराहरु वुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला ।

(१३) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको वोलपत्र मान्य हुने छैन ।

१४) टेण्डर फारममा टिपेक्शको प्रयोग गर्न पाईने छैन । टिपेक्श प्रयोग भएका टेण्डरहरु रद्द गरिने छ ।

१५) वैंक वाट जारी भएको वैंक जमानत पत्र सकल प्रति पेश हुनुपर्ने छ । फोटोकपी ,स्कयान प्रति पेश भएमा मान्य हुने छैन ।